विधेयकमा प्राप्त संशोधनका सूचनाहरूको एकीकृत विवरण

(प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११४ सँग सम्बन्धित)

विधेयकको नामः सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार (पहिलो संशोधन) विधेयक, २०८३

संशोधनको सूचना पेस गर्नुहुने माननीय सदस्यहरू (दर्ताको क्रमअनुसार)

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
१.	मा. रन्जु न्यौपाने
२.	मा. रुबिना आचार्य
३.	मा. कमल सुबेदी
४.	मा. गंगादेवी श्रेष्ठ
५.	मा. एशुदा कुमारी बराल
६.	मा. प्रकाश पाठक
७.	मा. भुमिका श्रेष्ठ
८.	मा. सृष्टि भट्टराई
९.	मा. बिना गुरुङ्ग
१०.	मा. समिक्षा बास्कोटा

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
११.	मा. कुल भक्त शाक्य
१२.	मा. क्रान्तिशिखा धिताल
१३.	मा. प्रमिला कुलुजु
१४.	मा. निशा डाँगी
१५.	मा. गणेश कार्की
१६.	मा. सुशील खड्का
१७.	मा. नितिमा भण्डारी (कार्की)
१८.	मा. कुसुम महर्जन
१९.	मा. गुरु प्रसाद बराल
२०.	मा. खुश्बु ओली
२१.	मा. मनिष खनाल
२२.	मा. मनिष झा

संशोधनको विवरण

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
१.	मा. रुबिना आचार्य	२	**मूल ऐनको दफा २ को खण्ड (क) मा रहेका,** - "कुनै जटिलता देखा परेमा" भन्ने शब्दहरूपछि "तत्काल" भन्ने शब्द थप गर्नुपर्ने। **मूल ऐनको दफा २ को खण्ड (ख) मा रहेको,** - "गर्भपतन" भन्ने शब्दलाई झिक्नुपर्ने। - "साल निकाल्ने" भन्ने शब्दपछि ", गर्भपतन वा गर्भको अवशेषका कारण पाठेघरमा रहेको अवशेष हटाउने," भन्ने शब्दहरू, "भ्याकुम" भन्ने शब्दपछि ", फोर्सेप" भन्ने शब्द र "शिशु जन्माउने" भन्ने शब्दहरूपछि "तथा नवजात शिशुको आधारभूत पुनर्जीवन (नियोनेटेल रिससिटेसन)" भन्ने शब्दहरू थप गर्नुपर्ने। **मूल ऐनको दफा २ को खण्ड (घ) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (घ) मा रहेको,** - "गर्भाशयबाट" भन्ने शब्दपछि "जानीजानी" भन्ने शब्द थप गर्नुपर्ने। **मूल ऐनको दफा २ को खण्ड (ङ) मा रहेका,** - "अवरोध उत्पन्न गरी" भन्ने शब्दहरूपछि "अस्थायी वा स्थायी" भन्ने शब्दहरू थप गर्नुपर्ने। **मूल ऐनको दफा २ को खण्ड (छ) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (छ) मा रहेको,** - "इजाजत पत्र प्राप्त" भन्ने शब्दहरूका सट्टा "सूचीकृत" भन्ने शब्द राख्नुपर्ने। **मूल ऐनको दफा २ को खण्ड (ट) मा रहेका,**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "खोप दिने" भन्ने शब्दहरूपछि ", नवजात शिशुलाई आवश्यक परेमा आधारभूत पुनर्जीवन गर्ने तथा आवश्यकताअनुसार उपचारवा प्रेषण गर्ने" भन्ने शब्दहरू थप गर्नुपर्ने।
२.	मा. कमल सुबेदी	२	<u>मूल ऐनको दफा २ को खण्ड (घ) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (घ) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "यस खण्डको प्रयोजनका लागि गर्भपतन भन्नाले स्वाभाविक रूपमा भएको गर्भस्राव (spontaneous miscarriage) नभई गर्भसम्बन्धी स्वास्थ्य सेवाका क्रममा गरिने प्रेरित गर्भपतन (induced abortion) सम्झनुपर्छ।" <u>मूल ऐनको दफा २ को खण्ड (छ) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (छ) मा रहेका,</u> - "सूचीकृत भएका स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीबाट" भन्ने शब्दहरूपछि "सुरक्षित, गुणस्तरीय, गोपनीय, भेदभावरहित तथा प्रचलित मापदण्डबमोजिम" भन्ने शब्दहरू थप गर्नुपर्ने।
३.	मा. प्रकाश पाठक	२	<u>मूल ऐनको दफा २ को खण्ड (घ) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखुपर्ने</u>:- "(घ) "गर्भपतन" भन्नाले भ्रूण जीवित रूपमा जन्मन सक्ने अवस्थाभन्दा अघि कुनै पनि कारणबाट गर्भावस्थाको स्वतः वा जानाजानी अन्त्य हुने वा गरिने अवस्था सम्झनुपर्छ।"
४.	मा. कुसुम महर्जन	२	<u>मूल ऐनको दफा २ मा देहायको खण्ड (फ), (ब), (भ) र (म) थप गर्नुपर्ने</u>:-

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(फ) "विपद्" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षति साथै जीवनयापन वा वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनुपर्छ। (ब) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभ सङ्ग सम्बन्धित सम्पूर्ण कार्य सम्झनु पर्दछ। (भ) "हिंसा" भन्नाले कुनै पनि व्यक्तिलाई गरिने शरीरिक, मानसिक वा यौनजन्य कार्यलाई बुझिन्छ। (म) "सम्मानजनक प्रसूति सेवा" भन्नाले स्वास्थ्यकर्मी वा स्वास्थ्य प्रणालीबाट गर्भावस्था, सुत्केरी वा सुत्केरी पछिको अवस्थामा त्यस व्यक्तिको अधिकार हनन नहुने गरी प्रदान गरिने प्रसूति सेवालाई सम्झिनु पर्दछ।"
५.	मा. मनिष झा	२	**<u>मूल ऐनको दफा २ को खण्ड (घ) र (छ) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको खण्ड (घ) र (छ) को सट्टा देहायका खण्ड (घ) र (छ) राखुपर्ने</u>:-** "(घ) "गर्भपतन" भन्नाले गर्भावस्था समाप्त गर्ने वा गर्भमा रहेको भ्रूणलाई प्राकृतिक रूपमा जन्मनुअघि गर्भाशयबाट बाहिर निकाल्ने कार्य सम्झनुपर्छ। (छ) "गर्भपतन सेवा" भन्नाले प्रचलित कानूनबमोजिम इजाजतप्राप्त स्वास्थ्य संस्था तथा दफा १८ को उपदफा (१) बमोजिम सूचीकृत स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीबाट सुरक्षित, गुणस्तरीय र कानूनबमोजिम प्रदान गरिने गर्भपतनसम्बन्धी सेवा सम्झनुपर्छ।"
६.	मा. रन्जु न्यौपाने	३	**<u>मूल ऐनको दफा ५ को उपदफा (२) को खण्ड (क) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "गर्भवती अवस्थामा अनिवार्य चार पटक र चिकित्सकीय सल्लाहबमोजिम गर्भजाँच गर्ने समयमा निज र निजका परिवारका सदस्यलाई गर्भावस्था, प्रसूति विषयमा जनचेतनामूलक कार्यक्रम दिइनु पर्ने,"
७.	मा. कमल सुबेदी	३	**<u>विधेयकको दफा ३ मा रहेका,</u>** - "चिकित्सकको सिफारिसबमोजिम" भन्ने शब्दहरूका सट्टा "स्वास्थ्यकर्मीको सिफारिसबमोजिम तथा जटिल वा जोखिमयुक्त अवस्थामा चिकित्सकको सिफारिसबमोजिम" भन्ने शब्दहरू राखुपर्ने।
८.	मा. सृष्टि भट्टराई	३	**<u>मूल ऐनको दफा ५ को उपदफा (२) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखुपर्ने</u>:-** "(ख) गर्भवती महिलाले गर्भावस्थाभर कम्तीमा आठ पटक प्रसवपूर्व जाँच गराउन पाउने,"
९.	मा. निशा डाँगी	३	**<u>मूल ऐनको दफा ५ को उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखुपर्ने</u>:-** "(क) सामान्य गर्भावस्थामा कम्तिमा आठ पटक र गर्भवती महिलाको स्वस्थ्य स्थितिको आधारमा चिकित्सकको सिफारिसबमोजिम आवश्यकता अनुसार,"
१०.	मा. मनिष झा	३	**<u>विधेयकको दफा ३ को सट्टा देहायको दफा ३ राखुपर्ने</u>:-** "**३. <u>मूल ऐनको दफा ५ संशोधन</u>** : मूल ऐनको दफा ५ को उपदफा (२) को खण्ड (क) मा रहेका "चार पटक" भन्ने शब्दहरूका सट्टा "कम्तीमा चार पटक तथा गर्भवती महिलाको स्वास्थ्य अवस्था, गर्भावस्थाको जोखिम र चिकित्सकीय आवश्यकता अनुसार चिकित्सक वा सम्बन्धित दक्ष स्वास्थ्यकर्मीको सिफारिस बमोजिम आवश्यक संख्यामा गर्न जाँच गराउनुपर्ने," भन्ने शब्दहरू राखिएका छन्।"
११.	मा. रुबिना आचार्य	४	**<u>मूल ऐनको दफा ६ को उपदफा (१) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) मा रहेका,</u>**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "गर्नु पर्नेछ" भन्ने शब्दहरूपछि "र यस्तो जनशक्ति आवश्यकताअनुसार चौबिसै घण्टा उपलब्ध हुने व्यवस्था गर्नस पर्नेछ" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१२.	मा. कमल सुबेदी	४	**<u>मूल ऐनको दफा ६ को उपदफा (१) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>**:- "(१) प्रसूति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले दक्ष स्वास्थ्यकर्मी वा तालिमप्राप्त प्रसूतिकर्मीबाट सुरक्षित तथा सम्मानजनक प्रसूति सेवा प्रदान गर्नुपर्नेछ र जटिल अवस्था देखिएमा तोकिएको समयभित्र उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।" **<u>मूल ऐनको दफा ६ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (३) मा रहेका,</u>** - "गर्भवती सेवा" भन्ने शब्दहरूका सट्टा "गर्भावस्था, प्रसूति तथा आकस्मिक मातृ स्वास्थ्य सेवा" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>मूल ऐनको दफा ६ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (३) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>**:- - "आकस्मिक अवस्थामा आर्थिक असमर्थतालाई सेवा इन्कार गर्ने आधार मानिने छैन।"
१३.	मा. प्रकाश पाठक	४	**<u>मूल ऐनको दफा ६ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्ने।</u>** "(३) प्रसूति सेवा प्रदान गर्ने कुनैपनि स्वास्थ्य संस्थाले गर्भवती महिलालाई जात, धर्म, भाषा, लिङ्ग, अपाङ्गता, वैवाहिक, आर्थिक, बसोबास, स्वास्थ्य अवस्था वा अन्य कुनै आधारमा भेदभाव गरी आकस्मिक तथा अन्य प्रसूति सेवा प्रदान गर्न इन्कार वा ढिलाइ गर्नु हुँदैन।"
१४.	मा. प्रकाश पाठक	५	**<u>मूल ऐनको दफा ९ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्ने</u>**:-

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(३) प्रत्येक स्वास्थ्य संस्थाले मृत शिशु जन्मिएको तथा गर्भपतन गराइएको सङ्ख्या समेत खुल्ने गरी आवश्यक अभिलेख सुरक्षित तथा गोप्य रूपमा राख्नु पर्नेछ।"
१५.	मा. समिक्षा बास्कोटा	५	**मूल ऐनको दफा ९ मा देहायको उपदफा (४) थप गर्नुपर्नेः-** "(४) त्यस्तो अभिलेख उक्त संस्थाले महिलाको संविधानले दिएको धारा २८ को गोपनीयताको हकसँग बाझिने गरी काम गर्न हुनेछैन।"
१६.	मा. मनिष झा	५	**मूल ऐनको दफा ९ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्नेः-** "(३) प्रत्येक स्वास्थ्य संस्थाले मृत शिशु तथा गर्भपतन गराएका महिलाको आवश्यक तथ्याङ्क तथा अभिलेख राख्नुपर्नेछ। त्यस्तो अभिलेख राख्दा सेवाग्राहीको व्यक्तिगत पहिचान, स्वास्थ्यसम्बन्धी विवरण तथा गोपनीयता कानूनबमोजिम सुरक्षित गर्नु पर्नेछ।"
१७.	मा. कमल सुबेदी	६	**मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १२क. को स्पष्टीकरण खण्डको अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्नेः-** - "यसमा घरेलु हिंसा, लैङ्गिक हिंसा, जबर्जस्ती श्रम, अपमानजनक व्यवहार तथा स्वास्थ्य सेवा प्राप्त गर्नबाट रोक्ने कार्यसमेत समावेश हुनेछ।"
१८.	मा. समिक्षा बास्कोटा	६	**मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १२क. को दफा शीर्षकपछि उल्लिखित बेहोरालाई उपदफा (१) कायम गरी देहायको उपदफा (२) थप गर्नुपर्नेः-** (२) उपदफा (१) बमोजिमको हिंसामा परेकी वा पर्न सक्ने गर्भवती वा सुत्केरी अवस्थाकी महिलाले सम्बन्धित स्वास्थ्य संस्था, स्थानीय तह वा प्रहरी कार्यालयमा उजुरी दिन सक्नेछ। त्यस्तो उजुरी प्राप्त भएको चौबीस घण्टाभित्र सम्बन्धित निकायले पीडितलाई आवश्यक स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श तथा सुरक्षाको व्यवस्था गर्नुपर्नेछ र निजको गोपनीयता कायम राख्नु पर्नेछ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
१९.	मा. गणेश कार्की	६	**मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १२क. को स्पष्टीकरण खण्डको सट्टा देहायको स्पष्टीकरण खण्ड राख्नुपर्ने**:- "**स्पष्टीकरण** : यस दफाको प्रयोजनका लागि "हिंसा" भन्नाले कुनै व्यक्तिले गर्भ अवस्थादेखि सुत्केरी अवस्थाका महिलालाई दिएको शारीरिक, मानसिक, सामाजिक वा यौनजन्य हिंसा वा स्वास्थ्य सेवा प्राप्त गर्नबाट वञ्चित गर्ने कार्यसमेतलाई सम्झनुपर्छ।"
२०.	मा. गुरु प्रसाद बराल	६	**मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १२क. को,** **दफाशीर्षकमा रहेका,** - "हिंसा गर्न नहुने" भन्ने शब्दहरूका सट्टा "प्रसुति हिंसा गर्न नहुने" भन्ने शब्दहरू राख्नुपर्ने **दफाशीर्षकपछि उल्लिखित बेहोराको सट्टा देहायको बेहोरा राख्नुपर्ने**:- "कसैले गर्भ अवस्था देखि सुत्केरी अवस्थाका महिलालाई शारीरिक, मानसिक पीडा दिन हुँदैन।"
२१.	मा. मनिष झा	६	**मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा १२क. को सट्टा देहायको दफा १२क. राख्नुपर्ने**:- "१२क. **गर्भवती तथा सुत्केरी महिलामाथि हिंसा गर्न नहुने** : (१) कसैले गर्भावस्थादेखि सुत्केरी अवस्थासम्म महिलामाथि शारीरिक, मानसिक, यौनजन्य, आर्थिक वा प्रजननसम्बन्धी हिंसा गर्न वा गराउन हुँदैन। (२) उपदफा (१) को प्रयोजनका लागि "प्रजननसम्बन्धी हिंसा" भन्नाले महिलाको गर्भधारण, गर्भ निरन्तरता, गर्भपतन, गर्भनिरोध वा प्रजननसम्बन्धी स्वास्थ्य सेवाको निर्णयमा कानूनबमोजिमको महिलाको स्वतन्त्र सहमतिविरुद्ध दबाब, धम्की, जबर्जस्ती वा अनुचित प्रभाव पार्ने कार्य सम्झनुपर्छ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
२२.	मा. रन्जु न्यौपाने	७	<u>मूल ऐनको दफा १३ को उपदफा (१) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "यस ऐन प्रारम्भ हुँदाका बखत प्रसूति बिदामा रहेका कर्मचारीका हकमासमेत निजले उपभोग गर्न बाँकी रहेको अवधिलाई समायोजन हुनेगरी कुल छ महिनासम्मको प्रसूति बिदा उपलब्ध गराइने।" <u>मूल ऐनको दफा १३ को उपदफा (५) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (५) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "उपदफा (५) बमोजिमको प्रसूति स्याहार बिदाको दुरुपयोग गरी, आफ्नो श्रीमतीलाई हिंसा गरी, विवाहत्तोर सम्बन्ध राखेको पाइएमा जेल सजाय हुने।"
२३.	मा. कमल सुबेदी	७	<u>मूल ऐनको दफा १३ को उपदफा (१) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "त्यस्तो बिदाको अवधिमा रोजगारीबाट हटाउन, सेवा-सुविधा घटाउन वा भेदभाव गर्न पाइने छैन।" <u>मूल ऐनको दफा १३ को उपदफा (५) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (५) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "त्यस्तो बिदा प्रसूति भएको मितिले लगातार वा स्वास्थ्यकर्मीको सिफारिसबमोजिम विभाजन गरी लिन सकिनेछ।"
२४.	मा. गंगादेवी श्रेष्ठ	७	<u>मूल ऐनको दफा १३ को उपदफा (५) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (५) मा रहेका,</u> - "बयालिस दिनसम्मको" भन्ने शब्दहरूका सट्टा "तिस दिनसम्मको" भन्ने शब्दहरू राखुपर्ने।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
२५.	मा. प्रकाश पाठक	७	<u>मूल ऐनको दफा १३ को उपदफा (१) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:- "(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी, गैरसरकारी वा निजी सङ्घ संस्थामा कार्यरत महिलालाई सत्केरी हुनुअघि वा पछि कम्तीमा छ महिनासम्मको पूर्ण तलब, भत्ता तथा अन्य सुविधा सहितको प्रसूति बिदा पाउने अधिकार हुनेछ।" <u>मूल ऐनको दफा १३ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्ने</u>:- "(४) कुनै गर्भवती महिलाले मृतक शिशुलाई जन्म दिएमा वा जन्मिएपछि शिशुको मृत्यु भएमा त्यस्तो गर्भवती महिलाको स्वास्थ अवस्था ख्याल गरि चिकित्सकको सिफारिसमा बढीमा अन्ठानब्बे दिनसम्मको पूर्ण तलब, भत्ता तथा अन्य सुविधा सहितको प्रसूति पाउने अधिकार हुनेछ।"
२६.	मा. समिक्षा बास्कोटा	७	<u>मूल ऐनको दफा १३ को उपदफा (५) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (५) मा रहेका,</u> - "बयालिस दिनसम्मको" भन्ने शब्दहरूका सट्टा "एक्काइस दिनसम्मको" भन्ने शब्दहरू राख्नुपर्ने।
२७.	मा. कुल भक्त शाक्य		
२८.	मा. कुल भक्त शाक्य	७	<u>मूल ऐनको दफा १३ को उपदफा (१) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) मा रहेका,</u> - "सरकारी, गैरसरकारी वा निजी सङ्घ संस्थामा कार्यरत महिलालाई सुत्केरी हुनुअघि वा पछि कम्तिमा छ महिनासम्मको तलब सहितको प्रसूति बिदा पाउने अधिकार हुनेछ" भन्ने शब्दहरूका सट्टा "प्रसूति बिदा उपभोग गरिसकेकी वा कम्तीमा नब्बे दिनको पूर्ण बिदा पूरा गरिसकेकी गैरसरकारी वा निजी क्षेत्रको महिला कर्मचारीले शिशुको हेरचाह र स्तनपानको निरन्तरताका लागि कार्यप्रकृति

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			अनुसार सम्भव भएसम्म घरबाटै काम गर्ने इच्छा व्यक्त गरेमा र सो कार्य घरबाटै सम्पादन गर्न सकिने प्रकृतिको भएमा रोजगारदाताले सोको अनुमति दिन सक्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
२९.	मा. क्रान्तिशिखा धिताल	७	<u>मूल ऐनको दफा १३ को उपदफा (१) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) मा रहेका,</u> - "महिलालाई सुत्केरी हुनुअघि वा पछि कम्तीमा छ महिनासम्मको तलब सहितको प्रसूति बिदा पाउने अधिकार हुनेछ" भन्ने शब्दहरूका सट्टा "माहिलालाई सुत्केरी हुनुअघि अनिवार्य दुई हप्ता, सुत्केरी भएपछि अनिवार्य तिन महिनाको तलब सहितको प्रसूति बिदा र यस अतिरिक्त स्वेच्छाले सुत्केरी हुनु अघि अर्को दुई हप्ता र सुत्केरी भएपछि अर्को तिन माहिना तलब बिनाको प्रसूति बिदा पाउने अधिकार हुनेछ" भन्ने शब्दहरू राख्नुपर्ने। <u>मूल ऐनको दफा १३ को उपदफा (५) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (५) मा रहेका,</u> - "त्यस्तो कर्मचारीले प्रसुति हुनुअघि वा पछि पारिश्रमिक सहितको बयालिस दिनसम्मको प्रसूति स्याहार बिदा पाउनेछ" भन्ने शब्दहरूका सट्टा "त्यस्तो कर्मचारीले पत्नीको प्रसूति हुनुअघि अनिवार्य सात दिन र प्रसूति भएपछि अनिवार्य पच्चिस दिन पारिश्रमिक सहितको र यस अतिरिक्त स्वेच्छाले प्रसूति हुनु अघि वा पछि थप दश दिनसम्मको पारिश्रमिक बेगरको प्रसूति स्याहार बिदा पाउनेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
३०.	मा. सुशील खड्का	७	

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
३१.	मा. नितिमा भण्डारी (कार्की)		**<u>मूल ऐनको दफा १३ को उपदफा (१) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) मा देहायको स्पष्टीकरण खण्ड थप गर्नुपर्ने</u>**:- "**<u>स्पष्टीकरण</u>** : यस उपदफाको प्रयोजनका लागि प्रसूति बिदाको अवधिमध्ये सुत्केरी हुनुअघि वा पछि कुनै अवधिमा महिलाले आफ्नो स्वेच्छाले काम गर्न चाहेमा काम गर्न सक्नेछ। त्यस्तो अवस्थामा सम्बन्धित सरकारी, गैरसरकारी वा निजी सङ्ग संस्थाले प्रचलित कानून बमोजिम उपलब्ध हुनुपर्ने मातृ तथा शिशु स्याहार वा दिवा शिशु स्याहार सुविधामा निजको पहुँच सुनिश्चित गर्नु पर्नेछ।"
३२.	मा. गुरु प्रसाद बराल	७	**<u>मूल ऐनको दफा १३ मा देहायका उपदफा (६), (७) र (८) थप गर्नुपर्ने</u>**:- "(६) सुत्केरी हुनु अघि वा पछि ६ महिनासम्मका लागि अन्य कुनै क्षेत्रवाट सुविधा नपाउने आमाको हकमा संघीय सरकारले विशेष भत्ताको व्यवस्था गर्नु पर्नेछ। (७) जनसंख्या वृद्धिलाई प्रोत्साहन गर्न गर्भधारणदेखि सुनौलो हजार दिनसम्म मातृ शिशु संरक्षण गर्न सुरक्षित मातृत्व सम्वन्धी विशेष कार्यक्रम सञ्चालन गर्नेछ। (८) गर्भवती महिलाको गर्भावधिभरका लागि सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यलाइ सुरक्षित गर्न राज्यले जीवन बिमा अनिवार्य गरिदिनु पर्नेछ।"
३३.	मा. मनिष झा	७	**<u>मूल ऐनको दफा १३ को उपदफा (१) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>**:- - "त्यस्तो बिदा लिनका लागि महिलाले सुत्केरी हुनुअघि वा पछि नै सम्पूर्ण बिदा लिनुपर्ने बाध्यता हुने छैन र स्वास्थ्य अवस्थाअनुसार बिदाको समय विभाजन गर्न सकिनेछ।" **<u>विधेयकको दफा ७ को उपदफा (२)</u>** झिक्नुपर्ने।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
३४.	मा. कमल सुबेदी	८	**<u>मूल ऐनको दफा १४ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राख्नुपर्ने</u>:-** "तर दफा १३ को उपदफा (१) बमोजिमको प्रसूति बिदाको अवधिमा भएको शल्यक्रिया वा प्रसूति तथा प्रजनन स्वास्थ्यसम्बन्धी जटिलताको उपचारका लागि आवश्यक थप बिदा स्वास्थ्यकर्मीको सिफारिसबमोजिम उपलब्ध गराइनेछ र एउटै स्वास्थ्य अवस्थाका कारण पाउने बिदामा दोहोरो कटौती गरिने छैन।"
३५.	मा. मनिष झा	८	**<u>मूल ऐनको दफा १४ मा थप गर्न विधेयकमा प्रस्ताव गरिएको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राख्नुपर्ने</u>:-** "तर, प्रसूति बिदाको अवधिमा भएको शल्यक्रिया प्रसूतिसँग प्रत्यक्ष सम्बन्धित भएमा त्यस्तो शल्यक्रियाका कारण आवश्यक उपचार तथा चिकित्सकीय विश्रामका लागि प्रचलित कानूनबमोजिमको चिकित्सकीय बिदा वा आवश्यक अतिरिक्त बिदा रोक्न पाइने छैन।"
३६.	मा. कमल सुबेदी	९	**मूल ऐनको दफा १५ को खण्ड (ख) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको विधेयकको दफा ९ को उपदफा (१) मा रहेका,** - "जुनसुकै अवधिको गर्भ" भन्ने शब्दहरूका सट्टा "गर्भवती महिलाको जीवन जोगाउन वा गम्भीर तथा अपरिवर्तनीय स्वास्थ्य जोखिम रोक्न तत्काल गर्भपतन आवश्यक भएको अवस्थामा, चिकित्सकीय मूल्याङ्कन तथा महिलाको सूचित मञ्जुरीबमोजिम" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>मूल ऐनको दफा १५ को खण्ड (ख) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ख१) को सट्टा देहायको खण्ड (ख१) राख्नुपर्ने</u>:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			"(ख१) अठार वर्षभन्दा कम उमेरकी बालिकाको हकमा जबर्जस्ती करणी वा हाडनाता करणीबाट गर्भ रहन गएमा निजको मञ्जुरीमा सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउन सकिनेछ; बालिकाको सर्वोत्तम हित, गोपनीयता, सुरक्षा तथा आवश्यक मनोसामाजिक सहयोग सुनिश्चित गर्नु पर्नेछ।" **<u>मूल ऐनको दफा १५ को खण्ड (ङ) मा रहेका,</u>** - "भन्ने उपचारमा संलग्न" भन्ने शब्दहरूपछि "कम्तीमा दुईजना सम्बन्धित विशेषज्ञ" भन्ने शब्दहरू थप गर्नुपर्ने।
३७.	मा. गंगादेवी श्रेष्ठ	९	**<u>विधेयकको दफा ९ को उपदफा (१) मा रहेका,</u>** - "जतिसुकै अवधिको गर्भ" भन्ने शब्दहरूका सट्टा "बाइस हप्तासम्मको गर्भ" भन्ने शब्दहरू थप गर्नुपर्ने।
३८.	मा. भुमिका श्रेष्ठ	९	**<u>विधेयकको दफा ९ को उपदफा (२) र (४)</u>** झिक्नुपर्ने।
३९.	मा. सृष्टि भट्टराई	९	**<u>मूल ऐनको दफा १५ को खण्ड (ख) मा रहेका,</u>** - "इजाजत प्राप्त चिकित्सकको" भन्ने शब्दहरूका सट्टा "कम्तीमा एक जना स्त्री तथा प्रसूति रोग विशेषज्ञ, एक जना रेडियोलोजिस्ट र एक जना बालरोग विशेषज्ञ सम्मिलित तीन सदस्यीय विशेषज्ञ चिकित्सकीय टोलीको संयुक्त लिखित" भन्ने शब्दहरू राख्नुपर्ने।
४०.	मा. बिना गुरुङ्ग	९	**<u>मूल ऐनको दफा १५ को खण्ड (ख) मा रहेका,</u>** - "इजाजत प्राप्त चिकित्सकको राय भई" भन्ने शब्दहरूका सट्टा "एक जना प्रसूति रोग विशेषज्ञ, एक जना रेडियोलोजिस्ट र एक जना बालरोग विशेषज्ञ गरी तीन जना डाक्टरहरूको संयुक्त लिखित सिफारिस (वा प्रतिवेदन) भएमा" भन्ने शब्दहरू राख्नुपर्ने।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			<u>विधेयकको दफा ९ को उपदफा (४)</u> झिक्नुपर्ने।
४१.	मा. प्रमिला कुलुजु	९	<u>विधेयकको दफा ९ को उपदफा (२)</u> झिक्नुपर्ने। <u>मूल ऐनको दफा १५ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्नुपर्ने</u>:- "(ग) जबर्जस्ती करणी वा हाडनाता करणीबाट गर्भ रहन गएमा जतिसुकै अवधिको गर्भ,"
४२.	मा. निशा डाँगी	९	<u>मूल ऐनको दफा १५ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नुपर्ने</u>:- "(ख) गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्ने वा निजको शारीरिक वा मानसिक स्वास्थ्यमा खराब असर पर्न सक्ने वा विकलाङ्ग बच्चा जन्मन सक्ने भनी एक जना रेडियोलोजिस्ट, एक जना स्त्री तथा प्रसूति रोग विशेषज्ञ र एक जना बालरोग विशेषज्ञको चिकित्सकीय राय भई त्यस्ती महिलाको मञ्जुरीबमोजिम जतिसुकै अवधिको गर्भ,"
४३.	मा. कुसुम महर्जन	९	<u>मूल ऐनको दफा १५ को खण्ड (ग) मा देहायको स्पष्टीकरण खण्ड थप गर्नुपर्ने</u>:- "<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागी जवर्जस्ती वा हाडनाता करणीबाट गर्भ रहन गएको भनी गर्भवती महिलाले अभिव्यक्त गरेको बयानलाई सम्बन्धित चिकित्सक वा स्वास्थ्यकर्मीले विश्वसनीय आधार मानी गर्भपतन सेवा उपलब्ध गराउनु वा उपयुक्त चिकित्सक वा स्वास्थ्यकर्मी समक्ष प्रेषण गर्नु पर्नेछ।"
४४.	मा. खुश्बु ओली	९	<u>मूल ऐनको दफा १५ को खण्ड (ख) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ख१) को सट्टा देहायको खण्ड (ख१) राख्नुपर्ने</u>:- "(ख१) अठार बर्षभन्दा कम उमेरको बालिकाको हकमा जबर्जस्ति करणी वा हाडनाता करणीबाट गर्भ रहन गएकोमा गर्भवती महिलाको ज्यानको खतरा रहेको वा भ्रुणमा खराबी रही गर्भ मै नष्ट हुने,जन्मेर पनि बाँच्न नसक्ने,वा अन्य कुनै

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			कारणले भ्रुणमा अशक्तता हुने अवस्था आएमा इजाजत प्राप्त वा अधिकारप्राप्त स्वास्थ्य अधिकारीको राय परामर्श बमोजिम जतिसुकै समय अवधिको गर्भ," <u>विधेयकको दफा ९ को उपदफा (४)</u> झिक्नुपर्ने।
४५.	मा. मनिष खनाल	९	<u>मूल ऐनको दफा १५ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नुपर्ने</u>:- "(ख) गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त रेडियोलोजिस्ट, स्त्री रोग विशेषज्ञ, बाल रोग विशेषज्ञको राय भई त्यस्ती महिलाको मन्जुरी बमोजिम जुनसुकै अवधिको गर्भ,"
४६.	मा. कमल सुबेदी	१०	<u>मूल ऐनको दफा १६ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा १६ को उपदफा (२) को खण्ड (ख) मा रहेका,</u> - "करकाप गरी, धम्की दिई, ललाई फकाई गरी वा प्रलोभनमा पारी" भन्ने शब्दहरूपछि "महिलाको स्वतन्त्र, सूचित तथा स्वेच्छिक मञ्जुरीबिना" भन्ने शब्दहरू थप गर्नुपर्ने।
४७.	मा. एशुदा कुमारी बराल	१०	<u>मूल ऐनको दफा १६ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा १६ को उपदफा (२) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थप गर्नुपर्ने</u>:- "(ङ) लैङ्गिक पहिचानको आधारमा गर्भपतन गराउन नपाउने।"
४८.	मा. सृष्टि भट्टराई	१०	<u>मूल ऐनको दफा १६ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा १६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने</u>:- "(२) कसैले गर्भवती महिलाको स्वतन्त्र तथा सूचित मञ्जुरीबिना वा निजलाई करकाप, धम्की, अनुचित प्रभाव, झुक्यान, दबाब वा प्रलोभन पारी गर्भपतन गराउन वा गराउन बाध्य पार्न हुँदैन।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
४९.	मा. क्रान्तिशिखा धिताल	१०	**मूल ऐनको दफा १६ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा १६ को उपदफा (२) को खण्ड (ग) को सुरुमा देहायका शब्दहरू थप गर्नुपर्ने:-** - "दफा १५ मा उल्लिखित अवस्थामा बाहेक" **मूल ऐनको दफा १६ को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको दफा १६ को उपदफा (२) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्नुपर्ने:-** "(घ) कुनै गर्भवती महिलाको ज्यान लिने उद्योग गर्दा त्यस्ती महिला नमरी निजको गर्भपतन हुन गएमा वा मर्नु अघि निजको गर्भपतन भएको शवपरिक्षणद्वारा पत्ता लागेमा।"
५०.	मा. कमल सुबेदी	११	**मूल ऐनको दफा १८ को उपदफा (१) को सट्टा विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) मा रहेका,** - "सूचीकृत हुनु पर्नेछ।" भन्ने शब्दहरूपछि "र सूचीकरणको प्रक्रिया सरल, पारदर्शी, समयबद्ध र सेवा अवरुद्ध नहुने गरी तोकिनेछ। साथै सूचीकृत हुनका लागि आवश्यक मापदण्ड पूरा गरेका स्वास्थ्यकर्मीलाई अनावश्यक दोहोरो अनुमति वा इजाजतको भार नपर्ने" भन्ने शब्दहरू थप गर्नुपर्ने।
५१.	मा. समिक्षा बास्कोटा	११	**मूल ऐनको दफा १८ को उपदफा (१) को संशोधनको लागि विधेयकमा प्रस्ताव गरिएको उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्ने:-** "(१क) उपदफा (१) बमोजिम सूचीकृत स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको अद्यावधिक विवरण मन्त्रालयले सार्वजनिक रूपमा हेर्न सकिने गरी विद्युतीय माध्यम (वेबसाइट वा एप्लिकेसन) मार्फत सार्वजनिक गर्नु पर्नेछ।"
५२.	मा. कमल सुबेदी	१३	**मूल ऐनको दफा २५ को खण्ड (ग) पछि थप गर्न विधेयकमा प्रस्ताव गरिएको खण्ड (ग१) मा रहेका,**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			- "अर्को स्वास्थ्य संस्थामा" भन्ने शब्दहरूपछि "उपलब्ध स्रोत, साधन र चिकित्सकीय आवश्यकताअनुसार समयमै" भन्ने शब्दहरू थप गर्नुपर्ने। **मूल** ऐनको दफा २५ मा थप हुने खण्ड (ट१) मा देहायका शब्दहरू थप गर्नुपर्नेः- - सुरक्षित मातृत्व, आकस्मिक प्रसूति, नवजात शिशु तथा सुरक्षित गर्भपतन सेवा प्रदान नगरेको कसुर कायम गर्दा आकस्मिक सेवा रोक्ने वा जानाजानी सेवा इन्कार गरेमा,
५३.	मा. कुसुम महर्जन	१४	**मूल ऐनको दफा २६ को खण्ड (ग) को सट्टा देहायका खण्ड (ग), (ग१) र (ग२) राख्नुपर्नेः-** "(ग) खण्ड (छ) बमोजिमको कसुर गर्ने वा गराउनेलाई देहाय बमोजिमको सजाय हुनेछः- (१) बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना, (२) बाह्र हप्ताभन्दा बढी पच्चिस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना, (३) पच्चिस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना। **स्पष्टिकरण** : गर्भपतन गर्ने काम गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मिई त्यस्तो कामको परिणाम स्वरूप जन्मिएको बच्चा तत्काल मरेमा यस दफाको प्रयोजनका लागि गर्भपतन गराएको मानिने छ। (४) कसैले कुनै गर्भवती महिलाको ज्यान लिने उद्योग गर्दा त्यस्ती महिला नमरी निजको गर्भमा रहेको पच्चिस हप्ता वा पच्चिस हप्ताभन्दा बढी

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			अवधिको गर्भ पतन हुन गएमा सो काम गर्ने कसुरदारलाई यस ऐन वा अन्य कानून बमोजिमको सजायमा थप पाँच वर्षसम्म कैद हुनेछ। (ग१) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसैले कुनै गर्भवती महिला विरुद्ध कुनै रिस इवीले कुनै काम गर्दा गर्भपतन हुन गएमा गर्भपतन गर्ने नियतले त्यस्तो काम गरेको रहेनछ भने पनि देहाय बमोजिमको सजाय हुनेछः- (१) बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद, (२) बाह्र हप्ताभन्दा बढी पच्चिस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद, (३) पच्चिस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद। (ग२) खण्ड (ज) र (झ) बमोजिमको कसुर गर्ने वा गराउनेलाई देहाय बमोजिमको सजाय हुनेछः- (१) गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्ने वा गराउनेलाई तीन महिनादेखि छ महिनासम्म कैद, र (२) लिङ्ग पहिचान गरी गर्भपतन गर्ने वा गराउनेलाई उपदफा (ग) मा लेखिएको सजायमा थप एक वर्षसम्म कैद।"
५४.	मा. खुश्बु ओली	१४	<u>मूल ऐनको दफा २६ को खण्ड (ङ) मा देहायको स्पष्टीकरण खण्ड थप गर्नुपर्ने</u>ः- "<u>स्पष्टीकरण</u> : खण्ड (ङ) मा उल्लेख गरिएको कसुरका सम्बन्धमा मूल ऐनको दफा २१ बमोजिमको कार्य गरि गरिएको सम्बन्ध बिच्छेद समेत अमान्य रहनेछ।"
५५.	मा. कमल सुबेदी	१६	<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २९क. को उपदफा (१) मा रहेको,</u> - "विपद्को" भन्ने शब्दको सट्टा "महामारी, भूकम्प, बाढी, पहिरो, हिमपहिरो, आगलागी वा अन्य विपद्को" भन्ने शब्दहरू राख्नुपर्ने।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको दफा	संशोधनको बेहोरा
			<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २९क. मा देहायको उपदफा (३) थप गर्नुपर्ने</u>:- "(३) विपद्को अवस्थामा उपदफा (१) बमोजिमका सेवा प्रदान गर्न आवश्यक औषधि, स्वास्थ्य सामग्री, दक्ष जनशक्ति, एम्बुलेन्स तथा प्रेषण प्रणालीको वैकल्पिक व्यवस्था सम्बन्धित तहको सरकारले सुनिश्चित गर्नु पर्नेछ।"
५६.	मा. समिक्षा बास्कोटा	१६	**<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २९क. मा देहायको उपदफा (३) थप गर्नुपर्ने</u>**:- "(३) विपद्को अवस्थामा भौतिक रूपमा स्वास्थ्य संस्थासम्म पहुँच पुग्न नसक्ने गर्भवती वा सुत्केरी महिलालाई तोकिएबमोजिम टेलिमेडिसिन वा अन्य सूचना प्रविधिमार्फत परामर्श तथा प्रारम्भिक स्वास्थ्य सेवा उपलब्ध गराउन सकिनेछ।"
५७.	मा. क्रान्तिशिखा धिताल	१६	**<u>मूल ऐनमा थप गर्न विधेयकमा प्रस्ताव गरिएको दफा २९क. को उपदफा (२) मा रहेका,</u>** - "गर्न सक्नेछ" भन्ने शब्दहरूका सट्टा "गर्न पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११३ को उपनियम (१) मा रहेका संशोधनसम्बन्धी सर्तहरूका अधीनमा रही ऐ.ऐ. नियमको उपनियम (२) बमोजिम क्र.स. १ देखि क्र.स. ५७ सम्मका संशोधनका सूचनाहरू छलफलका लागि स्वीकृत।

.....
(डोल प्रसाद अर्याल)
सभामुख